कृषि विभाग अन्तरगत संचालित मत्स्य विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७०

नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।९।१८ स्वीकृत

नेपाल सरकार

कृषि विकास मन्त्रालय

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

कृषि प्रधान देश नेपालमा छैसठ्ठी प्रतिशत जनताको जीविकोपार्जनका श्रोत कृषि रहेको र कूल ग्राहस्थ उत्पादनमा करिव पैतिस प्रतिशत कृषि क्षेत्रले योगदान गरेको अवस्था छ। देशको रोजगारीको प्रमूख क्षेत्र कृषि भएकोले कृषि व्यवसायलाई व्यावसायिक, प्रतिस्पर्धि र बातावरण अनुकुलन बनाई कृषि उपजको उत्पादन बढाई आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने मूल उद्देश्य राखी मत्स्य व्यवसाय सम्बन्धि कार्यक्रममा अनुदानको व्यवस्थागरी कृषिमा नेपाली नागरीकलाई आकर्षित गर्न बिशेष कार्यक्रम संचालन गर्न लागिएको छ।

नेपालमा उत्पादित माछाको अधिकांश उत्पादन तराईका जिल्लाहरुमा केन्द्रित रहेता पनि जलबायू परिवर्तनका कारण तराईमा उत्पादन हुने माछाहरु निकटवर्ती मध्यपहाडी जिल्लाहरुमा पनि उत्पादन हुन सक्ने संभावना रहेको छ। एकातर्फ माछा पालन प्रति कृषकको संलग्नता दैनिक रुपमा बढि रहेको भएता पनि अर्कोतर्फ माछाको खपतलाई नेपालमा उत्पादित माछाले मात्र पर्याप्त उपलब्ध गराउन सकिरहेको छैन । दैनिक रुपमा बढिरहेको माछाको मागलाई आयात प्रतिस्थापन गर्नका लागि नेपाल सरकारले आर्थिक वर्ष २०७०।०७१ को बजेट बक्तव्यमा समेत तराई तथा मध्य पहाडी जिल्लामा माछापालन क्षेत्र विस्तार कार्यक्रम लागु गरेको छ । फलस्वरुप कृषि विभागको तराईका १३ जिल्लामा संचालित अभियानमूखि मत्स्य उत्पादन कार्यक्रमलाई बढाई बिसै जिल्लामा विस्तार गर्ने र मध्यपहाडका जिल्लाहरुमा विस्तार गर्ने लक्ष्य रहेको छ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम **"मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०"** रहेको छ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

"जलस्रोत" भन्नाले नदी नाला, ताल तलैया तथा पोखरी आदि वुझ्नु पर्दछ।

"मत्स्य प्राविधिक" भन्नाले कृषि विकास मन्त्राय अन्तरगतका बरिष्ट मत्स्य विकास अधिकृत /मत्स्य विकास अधिकृत, मत्स्य समुहका प्रा.स., ना.प्रा.स भन्ने वुझ्नु पर्दछ।

"जिल्लास्तर कार्यक्रम कार्यान्वयन समिति" भन्नाले जिल्ला कृषि विकास कार्यालयका प्रमुखको संयोजकत्वमा यस कार्य विधि अनुसार गठित समितिलाई वुझाउने छ।

"कार्यक्रम कार्यान्वयन समिति" भन्नाले कार्यक्रम प्रमुखको संयोजकत्वमा यस कार्य विधि अनुसार गठित समितिलाई वुझाउने छ।

"श्रोत केन्द्र" भन्नाले मत्स्य वीज उत्पादन एवं बिक्रि वितरण तथा मत्स्य पालन विषयको ज्ञान शिप उपलब्ध हुने स्थान वुझ्नु पर्दछ।

"मत्स्य वीज" भन्नाले माउ माछाबाट उत्पादित विभिन्न साइजका (हयाचलीङ्ग, फ्राई तथा फिंगरलिङ्ग) माछाका भूराहरु वुझ्नु पर्दछ।

"माछा पालन" भन्नाले कुनै पनि जलाशयहरुमा (पोखरी, धान खेत, घोल, ताल आदी) माछा भुरा हालेर नियन्त्रित तरिकाले माछा उत्पादन गरिने तरिका/विधिलाई वुझाउने छ।

"भौतिक सुविधा" भन्नाले पोखरी, ह्याचरी, पानी जाँच्ने उपकरण, जाल माछा भुरा प्याकिङ्ग तथा ढुवानी साधन तथा सामाग्री, प्राविधिक कक्ष आदिलाई वुझाउने छ।

"रेसवे" भन्नाले ट्राउट माछा पालनको लागि निरन्तर पानीको वहाव भएको निर्मित संरचनालाई जनाउनेछ ।

"मत्स्य ह्याचरी" भन्नाले नियन्त्रित अबस्थामा गुणस्तरिय मत्स्य विज उत्पादन गर्ने आवश्यक संरचना (ओभरहेड टैंक, स्पोनिङ्ग टैंक, ईन्कुवेसन टैंक, माउ पोखरी आदी) सहितको थलो वुझ्नु पर्ने हुन्छ ।

"घुम्ती शिविर" भन्नाले मत्स्य प्राविधिक एवं विज्ञको टोली मत्स्य कृषक/व्यवसायीको घर दैलोमा नै पुगी वास्तविक प्राबिधिक समस्या (प्रबिधिक जानकारी, पानी गुणस्तर मत्स्य पोषण तथा मत्स्य स्वास्थ्य) पहिचान एवं निदान तथा विविध पक्षमा दिईने प्राविधिक सल्लाहलाई बुझ्नुपर्दछ ।

"पेलेटीङ" भन्नाले दानाको कच्चा पदार्थलाई विभिन्न आकार तथा साईजका डल्लाहरु बनाई उत्पादन गर्ने उपकरण

बुझ्नुपर्दछ ।

"एरेटर" हावामा पाईने अक्सीजन पानीमा घुलाई अक्सीजनको मात्रा बढाउने उपकरण बुझ्नुपर्दछ ।

३ उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेका छन् :-

क) उपलब्ध जलस्रोतको सदुपयोग गर्दै मत्स्य उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य एवं पोषण सुरक्षमा टेवा पुऱ्याउने ।

परिच्छेद २

मध्यपहाडी जिल्लाहरुमा मत्स्य पालन क्षेत्र विस्तार

२.१ कार्यक्रम संचालन प्रकृया :

मध्यपहाडी जिल्लाहरुमा मत्स्य पालन क्षेत्र विस्तारको कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ।

क) कम्तीमा १ हे. जलाशय क्षेत्रफलको सम्भावना बोकेको पकेट क्षेत्रमा पोखरी निर्माण गर्नु पर्नेछ।

ख) पोखरी निर्माण कम्तीमा एक रोपनीमा गर्नु पर्नेछ।

ग) पोखरीको गहिराई कम्तिमा १.२ मीटर पानी अट्ने हुनुपर्नेछ।

घ) पोखरी निर्माणका लागि जिल्ला कृषि विकास कार्यालयले सार्वजनिक सूचना जारी गरी आबेदन मांग गर्नु पर्नेछ।

ङ) आबेदन प्राप्त भए पश्चात मत्स्य प्राविधकबाट सम्भाब्यता अध्ययन गरी प्रतिबेदनको आधारमा जिल्लास्तर कार्यक्रम कार्यान्वयन समितिले योजना छनोट गर्नु पर्नेछ।

च) छनोट गरिएका योजना भित्रका पोखरी निर्माणकालागि डिजाईन/इष्टीमेट(अनुसूची-१०), नापजांच एवं प्रतिबेदन मत्स्य प्राविधिकबाट तयार गरे अनुरुप हुनेछ।

२.२ मध्यपहाडी जिल्लाहरुमा मत्स्य पालन क्षेत्र विस्तारको कार्यक्रम संचालन गर्ने जिल्लास्तर कार्यक्रम कार्यान्वयन समितिको गठन प्रकृया निम्नानुसार हुनेछ।

बरिष्ठ कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय	संयोजक
जिल्ला विकास समितिको योजना अधिकृत/कार्यक्रम अधिकृत वा अन्य अधिकृतस्तरको प्रतिनिधी	सदस्य
प्रतिनिधि, जिल्ला मत्स्य व्यवसायी संघ/मत्स्य सहकारी	सदस्य
अध्यक्ष, उद्योग बाणिज्य संघ	सदस्य
प्रमुख, जिल्लाको कृषि क्षेत्रमा लगानी गर्ने बैंक	सदस्य
भएसम्म म.वि.अ अन्यथा जि.कृ.वि.का.बाट तोकिएको अधिकृत	सदस्य सचिव

२.३ मध्यपहाडी जिल्लाहरुमा मत्स्य पालन क्षेत्र विस्तारको कार्यक्रम संचालनको आर्थिक पक्ष देहाय अनुसार हुन

क) कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बाँकी रकम कार्य सम्पन्न भए पश्चात मत्स्य प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन को आधारमा जिल्लास्तर कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा जिल्ला कृषि विकास कार्यालयले गर्नेछ।

ख) यसरी सरकारको अनुदानबाट निर्माण गरीएका पोखरी कम्तीमा ५ बर्ष मत्स्य पालनमा प्रयोग गर्नु पर्नेछ अन्यथा अनुदान रकम सरकारी बांकी सरहअसुल उपर गरिनेछ।

ग) कार्यान्वयन गर्ने जिल्लाले कार्य प्रगतिको विवरण अनिवार्य रुपमा मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ।

क्रियाकलाप तथा आर्थिक पक्षः

क्र.सं.	विवरण	कार्यालयले ब्यहोर्ने रकम प्रति हे. रु.	कृषकले ब्यहोर्ने	कैफियत
१	नयां पोखरी निर्माण	२,००,०००।-	इष्टिमेट अनुसारको नपुग रकम (घटीमा ५० %	
२	अनुगमन तथा निरिक्षण.	१०,०००।-	-	
	जम्मा खर्च	२,१०,०००।-		

परिच्छेद ३
मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्द्र स्थापना

३.१ कार्यक्रम संचालन प्रकृया : मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्द्र स्थापनाको कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ ।

क) राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमले मध्यपहाडका जिल्ला कृषि विकास कार्यालयको समन्वय र सिफारिस एवं सम्भाब्यता अध्ययनको आधारमा प्रस्ताव आव्हान (अनुसूची-१) र संकलन(अनुसूची-२) गर्नेछ ।

ख) संकलन गरिएका प्रस्ताव मध्ये योजना छनौट (अनुसूची-६)गर्ने कार्य कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

ग) छनौट गर्दा माछापालन गरिरहेका अनुभव प्राप्त कृषक तथा कृषक सहकारी लाई प्राथमिकता दिईने छ ।

घ) श्रोत केन्द्र स्थापना गर्दा कम्तिमा पनि ५ लाख माछाभुरा उत्पादन गर्नसक्ने क्षमताको भौतिक पूर्वाधार तैयार भएको हुनु पर्नेछ ।

ङ) श्रोत केन्द्रको प्राविधिक क्षमता विकास गर्नका लागि करारमा कम्तीमा ६ महिनाका लागि दक्ष प्राविधिकको (TOR तयार गरी) सेवा लिई उक्त श्रोत केन्द्रमा काम गर्ने गरि त्यहांको काम गर्ने जनशक्तिको प्राविधिक क्षमता अभिबृद्धि गरी भुरा उत्पादन गरिरहेको हुनु पर्नेछ ।

३.२ मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्दको कार्यक्रम कार्यान्वयन समितिको गठन देहाय अनुसार हुनेछ ।

प्रमुख, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्यविकास कार्यक्रम	संयोजक
बरिष्ठ मत्स्य विकास अधिकृत, मत्स्य विकास निर्देशनालय,	सदस्य
प्रतिनिधि, कृषि बिभाग, योजना तथा जनशक्ति शाखा	सदस्य
प्रमुख, केन्द्रिय मत्स्य प्रयोगशाला	सदस्य
बरिष्ठ मत्स्य विकास अधिकृत, रा.प्रा.तथा कृ.ज.म.बि.कार्यक्रम	सदस्य सचिव

३.३ मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्दको कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

क) अनुदान प्रवाह गर्दा कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बांकी रकम कार्य सम्पन्न भए पश्चात कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा र अन्य खर्चको हकमा आर्थिक नियमानुसार राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमले गर्नेछ ।

ख) प्रभाव क्षेत्रका कृषकहरुको क्षमता अभिबृद्धिका लागि श्रोत केन्द्रमा एक हप्ते कृषक स्तरिय तालिम संचालन गरिनेछ ।

ग) यो अनुदान रकम पाउने कृषकहरुले पुनः अर्कोपटक यसै कार्यका लागि अनुदान पाउने छैन ।

क्रियाकलाप तथा आर्थिक पक्षः

क. सं.	विवरण	कार्यालयको दायित्व	श्रोत केन्द्रको दायित्व (प्रतिशत) कम्तिमा	कैफियत
१	भौतिक सुविधा विकास तथा विस्तार (भुरा झिक्ने तथा भुरा प्याकिङ गर्ने तथा पानीको गुणस्तर जांच गर्ने उपकरणहरु खरिद) अनुदान	६,५०,०००।-	५०	
४	करारमा प्राविधिक नियुक्ति (छ महिनाको लागि)	१,२०,०००।-	-	
५	कृषक स्तरिय १ हप्ते मत्स्य पालन तालिम १ पटक (२०जना)	१,५०,०००।-	-	
६	अनुगमन तथा निरिक्षण	८०,०००।-	-	
	जम्मा खर्च	१०,००,०००।-		

परिच्छेद ४
सहभागीतात्मक ट्राउट विकास कार्यक्रम

४.१ सहभागीतात्मक ट्राउट विकास कार्यक्रम कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ ।

क) यो कार्यक्रम ट्राउट माछा पालन एव उत्पादन गर्न इच्छुक वा गरिरहेका कृषकहरु मध्येबाट (अनुसूची)छनौट गरि विभिन्न आबश्यक कामको लागि बढीमा रु. एक लाख सम्म अनुदान सहयोग दिन सकिनेछ ।

ख) उपर्युक्त कार्यका लागि आवश्यकताको आधारमा राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम बालाजुमा लिखित प्रस्ताव पेश गर्नु पर्नेछ ।

ग) प्राप्त प्रस्तावहरु कार्याका कार्यान्वयन समितिबाट छनौट भए पश्चात कार्यान्वयजमा लगिनेछ ।

४.२ सहभागीतात्मक ट्राउट विकास कार्यक्रम संचालन गर्न कार्यक्रम कार्यान्वयन समिति गठन निम्नानुसार हुनेछ ।

प्रमुख, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्यविकास कार्यक्रम	संयोजक
बरिष्ठ मत्स्य विकास अधिकृत, मत्स्य विकास निर्देशनालय,	सदस्य
प्रतिनिधि, कृषि बिभाग, योजना तथा जनशक्ति शाखा	सदस्य
प्रमुख, केन्द्रिय मत्स्य प्रयोगशाला	सदस्य
बरिष्ठ मत्स्य विकास अधिकृत, रा.प्रा.तथा कृ.ज.म.बि.कार्यक्रम	सदस्य सचिव

४.३ सहभागीतात्मक ट्राउट विकास कार्यक्रम संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

अनुदान प्रवाह गर्दा कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बाँकी रकम प्राविधिक द्वारा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा र अन्य खर्चको हकमा आर्थिक नियमानुसार राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमले गर्नेछ ।

क्र. सं.	कार्य विवरण	कार्यालयले व्यहोर्ने बढिमा	कृषकले व्यहोर्ने	कैफियत
१	सम्भाब्यताको आधारमा जि.क.वि.का.को सिफारिसमा क्षेत्र विस्तार वा गुणस्तरिय ट्राउट मत्स्य विज उत्पादन ब्यबस्थापन वा उत्पादन रेसवे सुदृढिकरण वा पानी ब्यबस्थापनका वा मत्स्य उत्पादनमा सघाउनका लागि	१,००,०००।-	घटीमा ५० प्रतिशत	
२	अनुगमन तथा निरिक्षण	१०,०००।-		
	जम्मा खर्च	१,१०,०००।-		

परिच्छेद ५

मध्यपहाडी क्षेत्रमा मत्स्य ह्याचरी स्थापना

५.१ मध्यपहाडी क्षेत्रमा मत्स्य ह्याचरी स्थापना को कार्यक्रम संचालन देहाय अनुसार हुनेछ ।

क) यो कार्यक्रम जिल्ला कृषि विकास कार्यालय मार्फत सन्चालन हुनेछ ।

ख) ह्याचरीको लागि प्रस्ताव पेश गर्दा कम्तीमा १ करोड ह्याच्लीङ उत्पादन गर्न सक्ने क्षमताको हुनु पर्नेछ ।

ग) सरकारी अनुदान बाहेकको रकम कृषक वा कृषक समुहले लगानी गर्नु पर्नेछ ।

घ) ह्याचरी निर्माणको डिजाइन इष्टिमेट सम्बन्धित कृषक वा प्राविधिकले जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नु पर्ने छ(अनुसूची-१०) र सो को अनुमोदन राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम/मत्स्य विकास निर्देशनालयबाट गराई तदनुसार निर्माण कार्य गर्नु पर्नेछ ।

ङ) निर्माण कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाउनु पर्नेछ ।

५.२. मध्यपहाडी क्षेत्रमा मत्स्य ह्याचरी स्थापना को आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

अनुदान प्रवाह गर्दा कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बांकी रकम प्राविधिक द्वारा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात बांकी रकम भुक्तानी गरीनेछ ।

निर्माण कार्यको भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिबेदनको आधारमा २(दुई) किस्तामा गर्न सकिने छ ।

क्र.सं.	कार्य विवरण	कार्यालयले व्यहोर्ने बढिमा	कृषक समुह/सहकारीले व्यहोर्ने	कैफियत
१	ह्याचरी निर्माणमा अनुदान	रु. ५,००,०००।	घटीमा ५० प्रतिशत	

परिच्छेद ६

मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रम

६.१ मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ।

क) यो कार्यक्रम केन्द्रीय मत्स्य प्रयोगशालाबाट सन्चालन हुनेछ।

ख) मत्स्य स्वास्थ्य शिविर संचालन गर्दा केन्द्रीय मत्स्य प्रयोगशालाले सम्बन्धित जिल्ला तथा मत्स्य विकास केन्द्रहरुको सह कार्यमा संचालन गर्नु पर्नेछ।

ग) शिविर संचालन गर्दा सम्बन्धित जिल्लाको अगुवाईमा प्रचार प्रसारको कार्य गरिनेछ।

घ) मत्स्य स्वास्थ्य शिविर संचालन पोखरीको बढी धनत्व भएका (कम्तीमा ५० वटा पोखरी वा पकेट क्षेत्र भित्र) स्थानमा सन्चालन गरिने छ। कार्यक्रम संचालन गर्ने पकेट क्षेत्र वा स्थान सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले मत्स्य विकास केन्द्र र केन्द्रीय मत्स्य प्रयोगशालासंग समन्वय गरी छनौट गर्नु पर्नेछ।

ङ) केन्द्रीय मत्स्य प्रयोगशाला बालाजुले शिविर संचालन गर्दा आवश्यक पर्ने सामग्रीहरु जस्तै : रसायन, उपकरणहरु, प्रसार प्रसार सामग्री र प्राविधिक जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।

च) जिल्ला कृषि विकास कार्यालयले मत्स्य पकेट क्षेत्रको मत्स्य प्रोफाईल तयार गरी कार्यक्रम संचालन पूर्व केन्द्रीय मत्स्य प्रयोगशाला, बालाजुमा जानकारी गराई शिविर संचालनको व्यवस्थापनको कार्यमा सहयोग गर्नु पर्नेछ।

छ) शिविर संचालन गरिने जिल्ला वा पकेट क्षेत्रबाट नजिक पर्ने मत्स्य विकास केन्द्रले शिविरमा आवश्यक पर्ने प्राविधिक जनशक्ति, उपकरण, आदीको व्यवस्थापनमा सहयोग गर्नु पर्नेछ।

ज) केन्द्रीय मत्स्य प्रयोगशालाले शिविर संचालन गर्ने क्षेत्र वा जिल्ला वा स्थान छनौट र मिति समेतको अग्रिम जानकारी मत्स्य विकास निर्देशनालय/राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रममा दिनु पर्ने र सन्चालन पश्चात सो को प्रतिवेदन मत्स्य विकास निर्देशनालयमा दिनु पर्नेछ।

झ) जिल्लाको विभिन्न स्थानमा घुम्ती सेवाका रुपमा दिने शिविर बढीमा ३ दिनको हुने छ। समापन गर्दा घुम्ती शिविरमा सहभागी कृषक/व्यवसायिलाई आमन्त्रीत गरी समग्र प्रतिवेदन प्रस्तुत गर्नु पर्ने छ।

ञ) सहभागी संख्या ५० देखि १०० जना सम्मको हुनेछ।

६.२. मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रम संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ।

आर्थिक बर्ष २०७०/७१ देखि संचालन हुने मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रमको लागि खर्च गर्ने प्रकृया देहायको सिमा वमोजिम हुनेछ।

सि.नं.	बिवरण	खर्च सिमा रु.
१.	प्रचार प्रसार (रेडियो, एफ. एम., पोस्टर तथा पम्पलेट आदि) बढिमा	१०,०००।-
२.	पानी, माछा तथा दाना जाच्ने रसायन तथा उपकरण तथा अन्य खर्च	२०,०००।-
३.	खाजा खर्च	५,०००।-
४.	स्टल	३,०००।-
५.	गाडीभाडा(स्थानीय दररेट अनुसार) बढिमा	५०,०००।-
६.	प्रशिक्षण/प्रशिक्षक पारिश्रमिक	७,०००।-
७.	स्थानीय कर्मचारीलाई भ्रमण भत्ता (२ जना बढिमा ३ दिन) बढिमा	१०,०००।-
८.	प्रतिवेदन प्रकाशन	५,०००।-
	जम्मा बढिमा	**१,१०,०००।-**

परिच्छेद ७
पेलेटीङ र एरेटर वितरण कार्यक्रम

७.१ पेलेटीङ र एरेटर वितरण कार्यक्रम संचालन देहाय अनुसार हुनेछ ।

क) यो कार्यक्रम जिल्ला कृषि विकास कार्यालय मार्फत सन्चालन हुनेछ ।

ख) उपकरण वितरण गर्दा जिल्ला कृषि विकास कार्यालयले जिल्ला कार्यक्रम कार्यान्वयन समितिबाट निर्णय गराई वितरण गर्नु पर्नेछ ।

ग) पेलेटीङ र एरेटर मेशिन एकै सहकारी/समूह/व्याक्ति लाई पनि दिन सकिनेछ ।

घ) जिल्ला कृषि विकास कार्यालयले यस्ता उपकरण वितरण गर्नु पूर्व र वितरण पश्चात उत्पादन/उत्पादकत्व स्थिति अध्यावधिक गरि प्रभावकारिता मूल्याङ्कन गर्नु पर्नेछ ।

७.२ . पेलेटीङ र एरेटर वितरण कार्यक्रम संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

(क) पेलेट मेशिन खरीद एवं जडानः पेलेट मेशिन खरीद एवं जडानका लागि रु. १ लाख २५ हजार सम्म वा ७५ प्रतिशत सम्म अनुदान दिने तर भुक्तानी लेख्दा यी दुई मध्ये जुन कम हुन्छ त्यो अंकलाई अनुदानका रुपमा प्रदान गर्ने वांकी नपुग रकम सहकारी/समूह/व्याक्ति स्वंमले व्यहोर्नेछ ।

(ख) एरेटर खरीद एवं जडानः एरेटर मेशिन खरीद एवं जडानका लागि रु. ६०,०००।– (साठी हजार) सम्म वा ७५ प्रतिशत सम्म अनुदान दिईने तर भुक्तानी लेख्दा यी दुई मध्ये जुन कम हुन्छ त्यो अंकलाई अनुदानका रुपमा प्रदान गर्ने वांकी नपुग रकम सहकारी/समूह/व्याक्ति स्वंमले व्यहोर्नेछ ।

(ग) **खरिद प्रकृयाः** नेपाल सरकारको प्रचलित खरिद नियमावली अनुसार जिल्ला कृषि विकास कार्यालयबाट खरिद गरिनेछ ।

क्र.सं.	कार्य विवरण	कार्यालयले व्यहोर्ने बढिमा(रु.)	कृषक समुह/सहकारीले व्यहोर्ने	कैफियत
१	पलेट मेशिन खरिद एवं जडान	१२५,०००।-	कुल लाग्ने रकमको घटीमा २५ प्रतीशत रकम	
२	एरेटर खरिद एवं जडान	६०,०००।-	कुल लाग्ने रकमको थप रकम	

परिच्छेद ८
विविध

१३.१ अनुगमन व्यवस्था : कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।

क) संचालन कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, सम्वन्धित निर्देशनालय वा कार्यक्रमबाट हुनेछ ।

ख) संचालन कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

१३.२ कार्वाहीको व्यवस्था : प्रस्ताव स्विकृत भएका कृषक तथा फर्म उद्योगहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम कार्वाही गरीने छ ।

अनुसूची - १

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्य व्यवसाय सम्बन्धि कार्यक्रमको माध्यमवाट कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरीकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

अनुसूची - २

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० सम्बन्धि कार्यक्रमका अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृत ज्यू,
जिल्ला कृषि विकास कार्यालय,
.... ।

विषय : कृषि अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :

अनुसूची - ३

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमीको नाम थर :
ठेगाना : .... गाउँ/टोल : .... वार्ड नं. : ...... गा.वि.स. : ....
जिल्ला : ....
संचालन गर्न खोजेको .... सम्बन्धि व्यवसाय र स्थान :
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानि :
आफ्नो पारिवारिक श्रम :
व्यवसायबाट उत्पादन हुने वस्तु :
उत्पादित कृषि बस्तुको परिमाण :
बजारयोग्य परिमाण :
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवशाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरणः

क.सं.	संचालन गरिने कियाकलाप	अनुदान सहयोग	नीजि लगानि	जम्मा लगानि

व्यवशाय गरेको भए, विगत कति वर्ष देखि .... निरन्तर गरि रहेको? वर्ष.........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक ख) वाहिर वाट ग) दुवै
तर्फ वाट सहि गर्नेको
नाम : संस्थाको छापः (संस्थाको हकमा)
पद :
दस्तखत : मिति :

अनुसूची - ४

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को लागि गरिने सम्झौता-पत्र

कृषि विभाग मत्स्य विकास निर्देशनालयद्धारा जिल्ला कृषि विकास कार्यालय .... मार्फत संचालन गरिने चालु आ.व. .... को स्वीकृत .... कार्यक्रम संचालन गर्न जिल्ला कृषि विकास कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती .... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यबिधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .... व्यवसाय संचालन गर्नेछ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन्।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ।

पहिलो पक्ष	**दोश्रो पक्ष**
जिल्ला कृषि विकास कार्यालयको तर्फवाट सहि गर्नेको	यूवा उद्यमी वासंस्थाको तर्फवाट सहि गर्नेको
नाम :	नाम :
पद :	पद :
दस्तखत :	दस्तखत :
मिति :	मिति :
कार्यालयको छाप :	औठाको छाप :
	संस्थाको छाप :
	दा. वाँ.
सम्पर्क फोन नं. :	सम्पर्क फोन नं. :

अनुसूची - ५

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०को प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

क्र.सं.	कार्य विवरण	ईकाई	लक्ष्य	प्रगति	आई परेका वाधा अड्चनहरु	समाधानको लागि सुझावहरु

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. .... २. .... ३. ....

यूवा उद्यमीको नाम : दस्तखत : मिति :
ठेगाना :

अनुसूची - ६

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को प्रस्ताव मूल्यांकन फराम

क्र. सं.	द.नं.	आवेदकको नाम	ठेगाना	मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने)				
				उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०)	पेश गरेको कार्ययोजना (४०)	उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५)	वास्तविक लक्षित वर्ग (१५)	कुल प्राप्ताङ्क (१००)

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

अनूसुचि ७

जिल्ला कृषि विकास कार्यालय ....

मध्येपहाडी जिल्लाहरुमा सम्भाव्यताको आधारमा पोखरी निर्माण अनुदान कार्यको लागत इष्टिमेट विवरण

१। कृषकको नाम, थरः

२। ठेगानाः

३। परियोजना स्थलको ठेगानाः

४। पानीको श्रोतः

५। माटोको किसिम

७। पोखरीको किसिमः

८। डिल सहितको क्षेत्रफलः

९। जलाशय क्षेत्रफलः

१०। पोखरी संख्याः

क्र.सं.	**लम्बाई मि.**	**चौडाई मि.**	**क्षेत्रफल वर्ग मि.**	**खन्ने गहिराई मि.**	**कूल माटोको परिमाण घ.मि.**	**कैफियत**

अक्षरुपी रु. ....

तयार गर्ने

सदर गर्ने